***बेसीशहर नगर कार्यपालिकाको मिति २०७५ चैत २२ गतेको बैठकका एजेण्डाहरु***

- न्यायिक समिति अन्तर्गत मेलमिलापकर्ताको तालिम सञ्चालन सम्बन्धमा ।
- सडक ढलान तथा कालोपत्रे लागत साझेदारी सम्बन्धमा ।
    - आहालेमूल देखि कटरबोटे सडक
- भकुण्डे पुरानकोट सडक प्रदेश सरकारसंग लागत साझेदारी रु १५ लाख
- वडा नं ४ किरिञ्चेमा व्यवसायिक गाई पालनको लागि गाई ढुवानी लागत व्यहोर्ने सम्बन्धमा । (एक लाख)
- साविक बेसीशहर गाविस कार्यालयको भवन स्तरोन्नति गर्ने सम्बन्धमा
- योजनाहरुको विस्तृत लागत प्रतिवेदन (DPR) तयार गर्ने सम्बन्धमा
- नयाँ प्रशासकीय भवनको पार्टिसन तथा मालपोत भवनमा नापीको लागि फर्निसिङ गर्ने सम्बन्धमा
- भवनको घर निर्माण मापदण्ड कार्यान्वयन अनुगमन/नियमन समिति गठन गर्ने सम्बन्धमा ।
- खानेपानी योजना छनौट सम्बन्धमा
    - अलैंचीबारी खानोपानी योजना बेसीशहर नगरपालिका ३ (२५ एम एम २०० मी., ४० एम एम. ५०० मी.१० केजी प्रेसर)
    - हिले खानेपानी ट्यांकी निर्माण सम्बन्धमा
- घर आगलागी विपद सहयोग सम्बन्धमा : रुपेश थापा मगर र उत्तर बहादुर परियार बेसीशहर ८
- बौद्ध सम्मेलन सहयोग
- एनटिभिको पत्रकार भेलाको खर्च सम्बन्धमा
- बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण सम्बन्धमा (वडा नं २,४, ९ र ११ )
- सडक बोर्ड तर्फको म्याचिङ फण्ड
- विविध

# निर्णयहरु

**निर्णय नं १ : मेलमिलापकर्ताको तालिम सञ्चालन सम्बन्धमा**

स्थानीय तहमा रहने न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (२) वमोजिम मेलमिलापको माध्यमबाट निरुपण गर्न सक्ने विवादहरुको लागि मेलमिलापकर्ताहरु तयार गर्नुपर्ने भएकोले प्रत्येक वडाबाट ३/३ जनाको दरले आइ ए वा सो सरह उतिर्ण गरेका तथा समाजमा तटस्थ भूमिका निर्वाह गर्न सक्ने खालका विश्वासिला व्यक्तिहरु छनौट गरी यही बैशाखको दोश्रो हप्तामा मेलमिलापकर्ता सम्बन्धी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ : लागत साझेदारीको योजना सम्बन्धमा**

नगरपालिकाको ६० प्रतिशत र स्थानीय समुदायको ४० प्रतिशतको लागत साझेदारीमा सडक ढलान तथा कालोपत्रे गर्ने कार्यक्रम अन्तर्गत देहायको योजनामा देहायको रकम विनियोजन गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.सं | योजनाको विवरण | कुल लागत रु | ६० प्रतिशतले हुने रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | आहालेमूलदेखि कटरबोटे सडक बेसीशहर ८ | १२८५००० | ७७१००० | |

**निर्णय नं ३ : प्रदेश सरकारसंगको लागत साझेदारी सम्बन्धमा**

प्रदेश सरकारको ७० प्रतिशत र नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा सडक स्तरोन्नति गर्ने कार्यक्रम अन्तर्गत निम्नानुसारको सडक योजनामा देहाय वमोजिमको रकम (सडक योजना समपुरक कोष लागत साझेदारी प्रदेश समानीकरणबाट रु १३ लाख र अल्या रकम फुटकर योजनाबाट २ लाख) विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं | योजनाको विवरण | प्रदेश सरकारबाट विनियोजित रु | नगरपालिकाबाट विनियोजित रु | कैफियत |
|---|---|---|---|---|
| १ | भकुण्डे पुरानकोट सडक | ४५००००० | १५००००० | |

**निर्णय नं ४ : व्यवसायिक गाई पालनमा सहयोग सम्बन्धमा**

यस बेसीशहर नगरपालिकाको वडा नं ४ किरिञ्चे स्थित कृषकहरुले व्यवसायिक रुपमा गाई पालन गर्न लागेको हुँदा ३० वटा गाई ढुवानीको लागि नगरपालिकाको तर्फबाट रु १०००००।- (एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५ : साविक बेसीशहर गाविस कार्यालयको भवन स्तरोन्नति गर्ने सम्बन्धमा**

बेसीशहर ८ नारायणस्थानमा रहेको साविक बेसीशहर गाविसको कार्यालय भवनमा तला थप लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गरी नगरपालिकाको कार्यालय प्रयोजनमा ल्याउन आवश्यक देखिएकोले सो कार्यको लागत इष्टिमेट तयार गरी प्रक्रिया वमोजिम निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ६ : योजनाहरुको विस्तृत लागत प्रतिवेदन (DPR) तयार गर्ने सम्बन्धमा**

बेसीशहर नगरपालिकाका देहायका योजनाहरुको यसै आर्थिक वर्षभित्र विस्तृत लागत प्रतिवेदन (Detail Project Report- DPR) तयार गर्ने र यस कार्यको लागि कार्य क्षेत्रगत शर्त तयार गरी उपयुक्त विधि अपनाई व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरीद गर्ने निर्णय गरियो ।

**सडकतर्फ**

१. भकुण्डे पुरानोकोट सडक
२. धुरपुरे दुईथोक विम्दा बाखेजगत सडक
३. बेसीशहर बाँझाखेत हिले कार्कीडाँडा चिती तिलाहार सडक
४. उदीपुर नयाँगाउँ सडक
५. भकुण्डे कमलटारी बसौलागाउँ बसौलागाउँ गाउँशहर सडक

**पर्यटनतर्फ**

१. चण्डीपार्क निर्माण बेनपा ३
२. खासुरबेसी खाँचे चित्रेडाँडा सडक बेपना १० (बाह्रपोखरी प्रर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत)
३. बुढी छहरे पर्यटकीय पूर्वाधार निर्माण बेनपा ९
४. मदन आश्रित स्मृति पार्क बेनपा ११ चिती

**विविधतर्फ**

१. बाल उद्यान निर्माण बेसीशहर ६ चण्डीस्थान

**निर्णय नं ७ : प्रशासकीय भवनको पार्टिसन तथा फर्निसिङ गर्ने सम्बन्धमा**

नगरपालिका रहेको हालको प्रशासकीय भवनमा पार्टिसन गर्न आवश्यक देखिएको हुँदा लागत अनुमान तथा ड्रोइङ डिजाइन तयार गरी पार्टिसन गर्ने साथै मालपोत कार्यालय भवनको भुई तलामा नापी कार्यायको लागि आवश्यक पूर्वाधार तयार गर्ने र भुइँ तलामा रहेको मालपोत कार्यालयको पूर्वाधार संरचनालाई माथिल्लो तलामा व्यवस्थापन गर्नको लागि नगरपालिकाले आर्थिक र प्राविधिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ : मापदण्ड कार्यान्वयन अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।**

नगरपालिकाको बजार क्षेत्रमा घर निर्माण गर्दा सडक मापदण्ड मिच्न नदिने कार्यको लागि देहाय अनुसारको तीन सदस्यीय सडक मापदण्ड कार्यान्वयन अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

देहाय :

१. सम्वन्धित वडाको वडाध्यक्ष : संयोजक
२. नगरपालिकाको इन्जिनियर : सदस्य
३. नगर प्रहरी प्रमुख : सदस्य

**निर्णय नं ९ : खानेपानी योजना सम्बन्धमा**

देहायका खानेपानी योजनाको लागि अ.ल्या तर्फको खानेपानी एक घर एक धारा शिर्षकबाट निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय**

१. हिले खानेपानी ट्याङ्की निर्माण बेसीशहर-४ रु. ४०००००।- (चार लाख)

२. अलैंचीबारी खानेपानी योजना बेसीशहर-३ रु.८००००।- (असी हजार)

**निर्णय नं १० : विपद सहयोग सम्बन्धमा**

बेसीशहर ८ भिससेनस्थानमा रहेको पवित्रा राना थापाको घरमा मिति २०७५।१२।११ गते साँझमा अचानक आगलागी हुँदा सो घरमा टेलरिङ व्यवसाय गर्दै आएका उत्तर बहादुर परियार र कम्प्युटर व्यवसाय गर्दै आएका रुपेश थापा मगरको पसलका सवै सामानहरु जल्न गई ठूलो क्षति पुग्न गएकोले निजहरुलाई राहत स्वरुप रु ५०/५० हजारका दरले विपद व्यवस्थापन शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ : कार्यक्रममा सहयोग सम्बन्धमा**

मिति २०७५ चैत २३ र २४ गते बेसीशहरमा आयोजना गरिएको राष्ट्रिय बौद्ध सम्मेलनको लागि रु ४०,०००।- (चालीस हजार) र नेपाल पत्रकार महासंघ टेलिभिजन प्रसारण शाखाले बेसीशहर ३ काउलेपानीमा मिति २०७५ चैत २२ गते आयोजना गरेको गोष्ठीको लागि रु. ५०,०००।- (पचास हजार) अ.ल्या फुटकर शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ : बालमैत्री तालिम सञ्चालन सम्बन्धमा**

बालमैत्री स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत विनियोजित रु २ लाखबाट वडा नं २,४,९ र ११ मा बालमैत्री स्थानीय शासन सम्बन्धी २ दिने अभिमुखीकरण तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ : सडक बोर्डको समपुरक कोष सम्बन्धमा**

चालु आर्थिक बर्षमा सञ्चालित सडक बोर्डतर्फको सडक योजनाको कुल लागत रु. ५८,००२२०।- अन्ठाउन्न लाख दुइ सय बीस) मध्ये नगरपालिकाले व्यहोर्नु पर्ने २० प्रतिशत समपुरक कोष (Matching Fund) को लागि अ.ल्या.तर्फको सडक कालोपत्रे लागत साझेदारी शिर्षकबाट रु ११,६०,०००।- (एघार लाख साठी हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : वडास्तरीय योजनाको संशोधन सम्बन्धमा**

चालु आवको लागि स्वीकृत वडास्तरका निम्न योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं | साविक योजनाको नाम | विनियोजित रकम | संशोधित योजनाको नाम | संशोधित रकम |
|---|---|---|---|---|
| १ | भिरकटेरीको बढी पानी खुर्केभीर बेसीशहर खापा ट्याङ्कीमा मिसाउन सह लगानी वेनपा ९ | ५००००० | १. ९ नं वडा कार्यालयको टेवा पर्खाल निर्माण | ४००००० |
| | | | २. सेराकुना नयाँखेत हुँदै हरित सडक जोड्ने सडक निर्माण वेनपा ९ | १००००० |

| | | | | |
|---|---|---|---|---|
| २ | फूलबारीमा मिनीपार्क निर्माण वेनपा ८ | २५०००० | १. बलराम अधिकारीको घर हुँदै भिमसेन अधिकारीको घरसम्म जाने स्ल्याव निर्माण (साविक योजनामा थप गर्ने) वेनपा ८ | २५०००० |
| ३ | नवोदित, सेतो गुराँस बालकेन्द्र तथा द्वन्द्वपिडीत बालबालिका कार्यक्रम | १५०००० | १. नवोदित बाल विकास केन्द्र वनेपा ८ (सामाग्री खरीद) सहयोग | ५०००० |
| | | | २. सेतो गुराँस बाल विकास केन्द्र वेनपा ८ (सामाग्री खरीद) सहयोग | ५०००० |
| | | | ३. द्वन्द्वपिडीत बाल संरक्षण गृह वेनपा ८ (सामाग्री खरीद) सहयोग | ५०००० |

**निर्णय नं १५ : बैकल्पिक ऊर्जा तर्फको कार्यक्रम सम्बन्धमा**

चालु आर्थिक बर्षमा बैकल्पिक ऊर्जातर्फको बायोग्याँस प्लान्ट जडान कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा सेवा प्रदायक इच्छुक बायोग्याँस कम्पनीहरुबाट प्रस्ताव/आशय पत्र माग गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ : ऋण लगानीको जमानत सम्बन्धमा**

बेसीशहर खानेपानी तथा सरसफाई उपभोक्ता समितिको भाचोक खोला सह लगानी खानेपानी आयोजनाको लागि नगर विकास कोषबाट ठेक्काको २५% (पच्चीस प्रतिशत) ऋण लगानी रकमको जमानतको लागि नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यू र प्रमुख प्रशासकीय अधिकृत मोहन प्रसाद मरासिनीलाई अख्तियारी दिई पठाउने निर्णय गरियो ।

**निर्णय नं १७ : सडक निर्माणको ठेक्का बन्दोबस्त सम्बन्धमा**

चालु आवमा ठेक्का बन्दोबस्त मार्फत निर्माण कार्य शुरु भएका २ वटा सडक र १ पदमार्ग गरी ३ वटा योजनाहरुमा घटाघटबाट बाँकी रहन गएको रकम तत् तत् योजनाहरुमा नै खर्च गर्ने गरी पुनः ठेक्कापट्टा प्रक्रियाबाट निर्माण कार्य गराउनको लागि बोलपत्र सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ : डकुमेन्ट्री निर्माणको लागि अनुरोध गर्ने सम्बन्धमा**

नेपाल पत्रकार महासंघ टेलिभिजन प्रसारण शाखाको आर्थिक तथा प्राविधिक सहयोगमा बेसीशहर नगरपालिकाको प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्व बोकेका पर्यटकीय स्थलहरु समेटी नगरपालिकाको बृत्तचित्र (Documentry) निर्माण गरिदिने व्यवस्था हुन नेपाल पत्रकार महासंघ टेलिभिजन प्रसारण शाखा काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १९ : तालिमको लागि प्रदेश सरकारसंग अनुरोध गर्ने सम्बन्धमा**

बेसीशहर नगरपालिकाले विगत वर्षमा सञ्चालन गरेको सिलाईकटाई सम्बन्धी ३ महिने आधारभूत तालिम प्राप्त गरेका व्यक्तिहरुलाई थप ३ महिने एडभान्स तालिम सञ्चालन गर्ने कार्यमा आवश्यक सहयोग हुन गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।